सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ९१ ♦ २०८० साल मंसीर ३० गते शनिवार ♦ 16 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## पेट्रोल र डिजेलको मूल्य घट्यो

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। शुक्रबार एक विज्ञप्ति जारी गर्दै निगमले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर ३/३ रुपैयाँ घटाइएको जानकारी दिएको छ।

निगमका अनुसार घटाइएको नयाँ मूल्य शनिबार बिहान १ बजेदेखि लागू हुनेछ। नयाँ मूल्य अनुसार अब पेट्रोल प्रतिलिटर मा १६७, डिजेल र मट्टितेल १५७ रुपैयाँ पर्ने निगमले जनाएको छ ।

# असई थमन विकको घटनामा अदालतले गरेको फैसला विरुद्ध जलेश्वरमा शान्तिपूर्ण विरोध प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, बर्दिवास**

तराई मधेश आन्दोलनको क्रममा महोत्तरीमा हत्या भएका सशस्त्र प्रहरीका असई थमन विकको घटनामा जिल्ला अदालत महोत्तरीले गरेको फैसलाको विरुद्ध जलेश्वरमा शान्तिपूर्ण विरोध प्रदर्शन गरिएको छ ।




जिल्ला अदालत महोत्तरीले बिहीबार विकको हत्यामा संलग्न भएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको मधेश प्रदेशका संसदीय दलका नेता तथा पूर्व सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा सहित सात जनालाई जन्मकैदको सजाय सुनाएपछि पार्टीका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीहरुले जिल्ला अदालतको फैसला पक्षपातपूर्ण र अन्यायपूणर् भएको भन्दै विरोध जनाएका छन् ।

बिहीबार साँझ महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले महोत्तरी क्षेत्र नं. १ बाट निर्वाचित भएका एमालेका सांसद लक्ष्मी महतो कोइरी र विकको हत्या आरोपमा पक्राउ परी पाँच वर्षदेखि कारागारमा रहेका पवन कापरलाई सफाइ दिने तथा हत्याको आरोपमा धरौटीमा रिहा भएका मोहन ठाकुर, जलेश्वर नगरपालिकाका पूर्व नगरप्रमुख रामशंकर मिश्र, लोसपाका महासचिव सुरेश पाण्डे तथा धर्मेन्द्र रायलाई जन्मकैदको फैसला गरेको हो । त्यसैगरी हत्याको आरोपमा कारागारमा रहेका प्रदीप साह र सञ्जयकुमार साहलाई समेत जन्मकैदको फैसला भएको हो ।

लोसपाका सयौं नेता तथा कार्यकर्ता जलेश्वरमा मधेश आन्दोलनमा झुटो मुद्दा लगाएको र अदालतले पक्षपातपूणर् आदेश गरेको भन्दै शुक्रबार विरोध जनाउँदै प्रदर्शन गरेको हो। प्रदर्शनमा महोत्तरी र धनुषाका लोसपाका पार्टीका सांसदहरु तथा पालिकाका प्रमुखहरु सहित नेता कार्यकर्ताको उपस्थिति थियो ।

बिहीबार भएको फैसलामा कर्तव्य ज्यान सम्बन्धी कसुर गरेकोले सोही १३(३) बमोजिम जन्मकैदको सजाय भएको तथा दुई जना अभियोग दाबीबाट सफाइ पाउने देखिएको उल्लेख गरिएको छ ।

जिल्ला अदालत महोत्तरीमा दायर अभियोग पत्र अनुसार

*बाँकी पृष्ठ २ मा*

# मधेसवादी दलहरुमा तरंग

महोत्तरी जिल्ला अदालतको फैसलाविरुद्ध यतिबेला मधेसी दलका नेताहरू खुलेर बोल्न थालेका छन्। लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्षसमेत रहेका महन्थ ठाकुर ले अदालतको फैसला अन्यायपूर्ण भएको बताए। सोही पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले सर कारलाई दिएको समर्थन फिर्ता गर्नुपर्ने र आन्दोलनमा उत्रिनुपर्ने भन्दै मुख खोलेका छन्।

जनता समाजवादी पार्टीका प्रवक्ता मनिष सुमनले अदालतको फैसला अन्यायपूर्ण रहेको र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे। त्यतिमात्र होइन, अदालतको फैसला सच्चाउन माग गर्दै महत्तरीको जलेश्वरबाट शान्तिपूर्ण विरोध प्रदर्शनसमेत सुरू भएको छ। तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले यस्तो फैसला आउनुमा मधेसीवादी दलहरू नै दोषी भएको आरोप लगाएका छन्।

'मधेस आन्दोलनको मोलभाउ गरी सधैं सत्ताको भऱ्याङ छुने काममा मात्र लागिरहने र कम्बल ओढेकाहरू कम दोषी र जिम्मेवार छैनन् भन्नेबारे स्पष्ट हुन जरुरी छ,' उनले भनेका छन्। सत्तामा रहेका यिनै नेताहरूले कुनै बेला मधेस आन्दोलनका सधैं मुद्दा मिलेको बताउँदै आएको उनको आरोप छ।

अदालतले बिहीबार गरेको फैसलाबाट लोसपाका केन्द्रीय उपाध्यक्ष सुरेश पाण्डे, महासचिव अभिराम शर्मा, केन्द्रीय सदस्य रामाशंकर मिश्र र महोत्तरी जिल्ला सदस्य मोहन ठाकुरलाई जन्मकैदको सजाय गरिएको छ। नेता शर्मा मधेश प्रदेशका प्रदेशसभा सदस्य तथा संसदीय दलका नेतासमेत हुन्। केन्द्रीय सदस्य मिश्र जलेश्वर नगरपालिका पूर्व मेयर हुन्। अदालतको फैसलालगतै उनीहरू फरार बनेका छन्।

जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले प्रहरी हत्या प्रकरणमा अन्य प्रदीप साह, सञ्जयकुमार साह र जनता समाजवादी पार्टीका नेता धर्मेन्द्र रायलाई पनि जन्मकैद फैसला सुनाएको छ। दर्जनौं आरोपितको हकमा मुद्दा मुल्तवीमा राखिएको छ। संविधान जारी हुनुअघि २०७२ मा तत्कालीन संयुक्त मधेसी मोर्चाले आन्दोलन गरेको थियो। मोर्चामा अहिलेका लोसपा र जसपा पनि रहेका थिए।

### कानुनी उपचार खोज्छौं : महन्थ ठाकुर

लोसपा अध्यक्ष महन्थ ठाकुरले अदालतको फैसलाप्रति कानुनी उपचार खोज्ने बताए। 'स्वतन्त्र न्यायलय लोकतन्त्रको आत्मा हो। न्यायलयप्रति हाम्रो उच्च सम्मान छ। तर अदालतको उक्त फैसलाप्रति हाम्रो गम्भीर असहमति छ,' ठाकुरले भनेका छन्।

राजनीतिक अधिकार प्राप्तिको संघर्षमा लाखौं जनता सडकमा उर्लेको सन्दर्भमा कसैको मृत्यु हुनु दुःखद घटना भएको उनले प्रस्ट पारेका छन्। तर, तथ्य र वास्तविकताभन्दा फरक ढंगले निर्दोष व्यक्तिलाई राजनीतिक पूर्वाग्रहको आधारमा फसाइनु गलत रहेको उनको भनाइ छ। उनले कानुन र न्यायिक

*बाँकी पृष्ठ २ मा*

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

### २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ऽद्यीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# आज मिथिला नगरिया निहाल सखिया.....................

### तीन दिनसम्म मदिरा र माछामासु बिक्री वितरणमा रोक

जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसर मा तीन दिनसम्म मदिरा तथा माछा/मासु बिक्री वितरणमा रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषाले आज एक सूचना जारी गर्दै मङ्सिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाएको हो। सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवलाई सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउनका लागि जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको प्रशासकीय अधिकृत विश्वविजय शर्माले जानकारी दिए।

यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपंक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरि एको प्रमुख जिल्ला अधिकारी चक्रपानी पाण्डेले बताए।

### खाद्यान्नबाट १ सय २१ फिटको राम र सीताको आकृति

श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवको अवसर पारेर जनकपुर धामको बाह्र बिघा रङ्गभूमि मैदानमा विश्वका सबैभन्दा ठूलो खाद्यान्नबाट भगवान् राम, सीताको स्वयंम्बरको आकृति बनाइएको छ।

भगवान् राम सितासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिने भएको छ। सबै चित्र ११ हजार ११ स्क्वायर फिटको रहेको छ।

खाद्यान्नबाट बनाउन थालेको आकृतिको उचाई १ सय २१ फिट र चौडाई ९१ फिटको रहने भएको श्रीसीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए।

आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न गरेर १ सय २ क्विन्टल लाग्ने संयोजक महासेठले बताउनु भयो । यसमा चालन, गहुँ, भटमास, चना, मुम्फली, मुंग, रहरको दाल, मक्कै, रहरको दाल, मसुरोको दाल र काला उरिद प्रयोग गरिएको छ।

# मधेसवादी दलहरुमा........

प्रक्रियालाई आधार मानेर इन्साफको लागि लोसपा अघि बढ्ने बताए।

सरकार छाडेर सडक आउन र जेन्द्र महतोको आह्वान

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले सरकारलाई दिएको समर्थन फिर्ता गरेर आन्दोलन उत्रिन आह्वान गरे। नेता महतोले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै अदालतले सुनाएको फैसलाको विरोधमा सरकारलाई दिएको समर्थन फिर्ता लिनुपर्ने माग गरे। 'अदालतले सुनाएको फैसलापछि एकपटक फेरि त्यति बेलाका आन्दोलन घोषणा गरेका संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र थरुहट संघर्ष समिति एउटै स्थानमा आउनुपर्छ। लोकतान्त्रिक समाजवादी पार्टीले तत्काल सरकारलाई दिएको समर्थन फिर्ता लिनु पर्छ,' उनले भनेका छन्।

न्यायका लागि फेरि मोर्चा बनाऔं : महासचिव झा

लोसपाका महासचिव केशव झाले पार्टी अध्यक्षले निकालेको विज्ञप्ति सन्तोषजनक नरहेको बताए। पार्टीले सरकार नछाडेर विरोधमात्रै गर्ने कुरा उपयुक्त नहुने बताए। 'विज्ञप्ति निकालेर मात्रै हुँदैन। त्यसरी झारा टार्ने काम गर्नु हुँदैन। लोसपा के गर्दैछ? आँखा गाडेर हिरेरहेको अवस्था छ,' उनले भने।

सरकारमा पनि बस्ने र सरकार लाई दबाब पनि दिने यो दुवै कुरा गर्न नसकिने उनको भनाइ छ। पार्टीका संसद र कार्यकर्ता जेल बस्नेस्थित भइसकेपछि यस्तो अवस्थामा पार्टी सत्ता केन्द्रीय भएर सोच्न नहुने बताउँदै उनले भने, 'मधेसका अधिकार र पहिचानका लागि लडेका शक्तिहरू मोर्चा बनाएर आन्दोलनमा जानुपर्छ।'

लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न जसपाको माग

जनता समाजवादी पार्टीका प्रवक्ता मनिष सुमनले अन्यायपूर्ण ढंगबाट अदालतमा प्रहरी हत्याको मुद्दा दर्ता गराएर निर्दोषलाई फसाएको बताए। 'जलेश्वरमा भएको आन्दोलनमा प्रहरीले ६ जना निहत्थाको हत्या गरेको थियो। उनीहरूको छाति र टाउकोमा गोली हानेर हत्या गर्दा त्यसबारे प्रहरी प्रशासनले अनुसन्धान गरेर किन मुद्दा दर्ता गरेन?,' उनले प्रश्न गरे।

उनले राजनीतिक घटनालाई राजनीतिक तवरले समाधान गर्न सरकारलाई आग्रहसमेत गरे। 'मधेस आन्दोलनका घटनालाई राजनीतिकरूपमै समाधान गर्नुपर्छ। हामी सरकार मै रहेर अन्यायको विरोधमा लड्छौं,' उनले भने। उनले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे। 'लाल आयोगको प्रतिवेदन बाहिर नआएर समस्याहरू आइरहेका छन्। प्रतिवेदन सार्वजनिक भएपछि मधेस आन्दोलनका घटनाहरूको सत्य-तथ्य खुल्छ,' उनले भने।

# सई थमन विकको घटनामा....

कर्तव्य ज्यान अभियोगमा २८ तथा एम्बुलेन्स आगजनीमा २५ जना विरुद्ध मुद्दा दर्ता गरिएको छ। कर्तव्य ज्यानको अभियोगमा अन्य फरारको सूचीमा रहेको जनाइएको छ ।

सशस्त्र प्रहरीको पथलैया बाहिनीबाट यु.एन.को मिसनमा जानका लागि परिक्षा र तालिम सकाएर फर्केका सशस्त्र प्रहरीका असई थमनबहादुर विश्वकर्मा आफ्नू कार्यरत सशस्त्र प्रहरी सीमा सुरक्षाबवल जलसागर जाने क्रममा भदौ २५ गते जलेश्वर नगरपालिका चोकमा आन्दोलनकारीको एक समूहले बाँसको भाटा र इँट्टाको टुका प्रहार गरी निर्मम तरि काले घाइते बनाएका थिए ।

घाइते भएका विकलाई प्रार म्भिक उपचार पश्चात् थप उपचारका लागि जनकपुर लाने क्रममा तत्कालीन महोत्तरी गाविसको सनुखरा ९ स्थित सडकमा एम्बुलेन्सबाट निकालेर हत्या गरिएको थियो ।

आन्दोलनकारीहरुले उनी चढेको जलेश्वर अस्पतालको ६६-१-१२३५ एम्बुलेन्स जलाएका थिए भने घाइते विकको शव एम्बुलेन्स जलेको ठाउँबाट १ किलोमिटर पूर्वको धानखेतमा बरामद भएको थियो । ज्यान जोगाउन भाग्ने क्रममा उनको हत्या गरि एको थियो ।

नेपालगञ्ज निवासी विकको हत्या अगाडि मधेश आन्दोलनको क्रममा भदौ २३ गते प्रहरीको गोली लागेर तीन तथा त्यसको दुई दिन नबित्दै २५ गते तीन जनाको गरी ६ जनाको मृत्यु भएको थियो । मृतक थमन विककी पत्नी शोभा विकले हत्या गरेको भन्दै किटानी जाहेरी दर्ता गराएकी थिइन् ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष-** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# साहित्य, कला, संस्कृतिको संरक्षण विना देश समृद्ध हुन्न : पूर्व राष्ट्रपति डा. यादव

अजय कुमार झा

**मंसीर २९ गते, जनकपुरधाम**

पूर्व राष्ट्रपति डा. रामवरण यादवले नेपालको भौगोलिक, जैविक विविधतासँगै सिर्जनात्मक विविधतालाई संरक्षण गर्दै राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्ने बताउनुभएको छ ।

उहाँले नेपाल हिन्दी प्रतिष्ठान जनकपुरधाम र शान्ति निकेतन हिन्दी प्रचार सभा पश्चिम बङ्गाल भारतको संयुक्त आयोजनामा जनकपुरधाममा शुरु भएको पाँचौं अन्तर्राष्ट्रिय साहित्य उत्सव २०२३ को उद्घाटन गर्दै विविध कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षणविना कुनै पनि देशको विकास कठिन हुने बताउनुभयो ।

पूर्व राष्ट्रपति यादवले दुवै देशका भाषा, साहित्य, संस्कृति तथा भूगोलमा समानता रहेको चर्चा गर्दै यस्ता प्रकारको उत्सव ऐतिहासिक तथा धार्मिक महत्वको जनकपुरधाममा हुनु दुवै देशका लागि गौरवको विषय भएको बताउनुभयो ।

नेपालका लागि वीरगञ्ज स्थित महावाणिज्य दूतावासका महावाणिज्य दूत देवी सहाय मिनाले हिन्दी, नेपाली, मैथिली तथा बङ्गालीका बीचमा समानता रहेको भन्दै यस्ता उत्सवले दुवै देशलाई जोड्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल हिन्दी प्रतिष्ठान जनकपुरधामका अध्यक्ष एवं जनकपुरधाम उपमहानगरपालिका-२३ का वडाध्यक्ष राघवेन्द्र साहले वरिष्ठ साहित्यकार राजेन्द्र विमल, बङ्गालका साहित्यकार प्राध्यापक प्रणव भट्टोपाध्याय, प्रतिनिधि सभाका सदस्य रेखा यादव, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, हिन्दीका प्रखर वक्ता रमण पाण्डे सहितका वक्ताहरूले धारणा राख्नुभएको थियो ।

कार्यक्रममा पूर्व राष्ट्रपति डा.यादवले नेपालका भाषातर्फ खुसीलाल मण्डल, साहित्यतर्फ रामस्वरुप ठाकुर, भाषातर्फ प्राध्यापक डा. आशा सिन्हा, साहित्यतर्फ शिवशङ्कर यादवलाई




सम्मानपत्र, दोपटा तथा प्रतीक चिन्ह प्रदान गर्नुभएको थियो । भारतका तर्फबाट भाषातर्फ जाली बेगम, श्रीमती शावाना साजिद, श्रीमती धराश्वरी मेहन्ती, श्रीमती मिताली साङ्कियां र साहित्यतर्फ प्रदीप कुमार सिंहलाई पूर्व राष्ट्रपति डा. यादवले दोपटा, सम्मान पत्रसहित प्रतीक चिन्ह प्रदान गर्नुभएको थियो । सम्मेलन भोलिसम्म चल्नेछ ।


महोत्तरी गाउँपालिका , महोत्तरी

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं




पिपरा गाउँपालिका , महोत्तरी

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं




लक्ष्मीनियाँ गाउँपालिका, धनुषा

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं




धनौजी गाउँपालिका, धनुषा

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं



# आज मिथिला नगरिया निहाल सखिया :जनकपुरधाममा विवाहपञ्चमीको धुम

अजयकुमार साह

**मंसीर २९ गते, महेन्द्रनगर**

आजु मिथिला नगरिया निहाल सखिया
चारो दुल्हा मे बडका कमाल सखिया



यस्तै सुमधुर लोक गीत संगीतबीच प्रत्येक वर्ष जनकपुरमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सवको रौनक यतिखेर जनकपुर धाममा देखिएको छ ।

प्राचीन मिथिला र अहिले मधेस प्रदेशको राजधानी जनकपुर धाममा भगवान् सीताराम विवाह पञ्चमी महोत्सव पौराणिक प्रचलन अनुसार मनाइँदै छ ।

जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यसलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । साताव्यापी महोत्सवमा सहभागी हुन यसपटक लाखौं श्रद्धालु यहाँ आएका छन् । सो क्रममा श्रद्धालुले जानकी मन्दिरलगायत यहाँस्थित देवालयहरुमा बिहानैदेखि पूजाअर्चना गर्नेहरुको भीड लाग्ने गरेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले बताए।

रामायणमा तुलसीदासले लेखिएको पंक्ति उद्धृत गर्दै जानकी मन्दिर का महन्थ रामतपेश्वर दास बताउँछन्, 'सिया रघुवीर विवाह जे गावही, सुनही तिनहुँ सदा उछाह मंगलाय तन रामजसो ।'

बालकाण्डको अन्तिममा लेखिएको यस पंक्तिको अर्थ हो, भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मंगलमय हुन्छ। त्यसैले पनि विवाहपञ्चमी महोत्सव जनकपुरधामको घरघरमा सुनिने, गाइने र वाचन गर्ने गरिन्छ । वर्षौंदेखि जनकपुरधामले धान्दै आएको यस सांस्कृतिक विरासत मिथिलाका अन्य सहरमा फैलिँदै छ ।

महन्थ दासका अनुसार सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गर्दछन् ।

मैथिल साहित्यकार डा. राजेन्द्र विमल भन्छन्, "संस्कृतिअनुसार विवाह महोत्सव मनाइने क्रममा राम मन्दिर र जानकी मन्दिर बाट राम सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा लगी स्वयम्बर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याई विवाह संस्कार सम्पन्न गरिन्छ । त्यस्तै सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन् ।"

राजर्षी जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मंसिर शुक्ल पक्ष पञ्चमी तिथिमा राम जानकी विवाहपञ्चमी मेला लाग्छ ।

सीतोपाख्यान उत्तरार्द्धमा सीता स्वयम्बरका बारेमा उल्लेख भए अनुसार आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा श्री राम जानकीको शुभविवाह भएको प्रसङ्ग उल्लेख गरिएको छ ।

उक्त विवाह भएको खुशीयालीमा सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा रहेको छ ।

राम र जानकीको स्वयंवर भएको जनविश्वास रही-आएको रङ्गभूमि १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधाम स्थित राम मन्दिरबाट जन्ती सहित भगवान् रामको डोला नगरको परिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजा सहित लावा-लस्करका साथ जानकीको डोला लगेर स्वयंवर गरिन्छ । त्यसपछि दुवै डोला नगरको परिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको संस्कृतिअनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ । हजारौं वर्ष पूर्व त्रेता युगमा मिथिलापति सिरध्वज जनकले सीता स्वयंवरको आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ । अहिले पनि हिन्दू जातिको आस्थाको केन्द्रको रूपमा रहेको जनकपुर धाममा देशका विभिन्न स्थानलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन् ।

यस वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मंसिर शुक्ल द्वितीया तिथिका दिन अयोध्याबाट साधु सन्तहरू समेतको एउटा जन्तीको डफ्फा( बाराती समूह)लाई जनकपुरधाम आइपुग्दा भव्य स्वागत गर्ने गरिन्छ। अयोध्याबाट आउने जन्ती समूह (बाराती समूह)लाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा भव्य तथा हार्दिक स्वागत तथा अभिवादन गर्ने परम्परा छ ।

साताव्यापी विवाहपञ्चमीको पहिलो दिन मंगलबार नगरदर्शन र दोस्रो दिन बुधबार फुलबारी लिला र बिहीबार तेस्रो धनुष यज्ञ सम्पन्न भइसकेको छ। आज चौथो दिन मंसिर २९ गते तिल्कोत्सव, मंसिर ३० गते मटकोर रहेको छ भने पुस १ गते विवाहपञ्चमीको मुख्यदिन विवाह उत्सव रहेको छ । पुस २ गते रामकलेवा गरी सप्ताहव्यापी श्री सीताराम विवाहपञ्चमी महोत्सव समापन हुनेछ ।

आज तृतीया तिथिमा राम मन्दिरमा जानकी मन्दिरबाट साधु सन्त र नगरका प्रमुखजनहरूको उपस्थितिमा तिलकोत्सव(कुरा छिन्ने काम, वाग्दान) सम्पन्न हुने कार्यक्रम रहेको महन्थ दास बताउँछन्।

भोलि चतुर्थी तिथिको सन्ध्यामा मिथिला परम्परा-अनुसार कन्यापक्षका तर्फबाट गरिने 'मटकोर'कर्म गङ्गासागरमा पुगेर निर्वाह गरिन्छ । पञ्चमी तिथिमा राम मन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्दछ ।

त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल(घरगाउँले समूह वा माइती पक्ष)द्वारा स्वागत अभिवादनका साथै राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पुऱ्याइएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरिन्छ ।

राम मन्दिरबाट पुगेको मण्डपबाट महन्थले जानकीजीलाई माला लगाई आरतीपूजनपछि स्वयम्बर पूरा हुन्छ। त्यसपछि राम मन्दिर को मण्डप अगाडि राखेर सबै पछिपछि लाग्दछन् र जानकी मन्दिर पुऱ्याएर आरती पूजन गरिन्छ । त्यसपछि राम मन्दिरको डोला लावालस्करका साथ राममन्दिर फर्कने गर्दछ भने त्यसै रात मिथिला परम्परा-अनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ ।

अहिले विवाह महोत्सवमा सहभागी हुन आउने पर्यटकहरूका कारण जनकपुरका होटल, लोज र धर्मशालाहरू भरिभराउ छन्। साथै भक्तजनको सुविधाका लागि स्थानीय संघ संस्थाहरूले ठाँउ-ठाँउमा बासको प्रबन्धका लागि पन्डाल निर्माण गरिदिएका छन्। खास गरेर नेपाल तथा भारतको विभिन्न भूभागबाट ठूलो संख्यामा तीर्थयात्रीहरू जनकपुरधाम आउने क्रम विगत दुई दिनदेखि जारी छ ।

अघिल्ला वर्षहरूमा महोत्सवमा सहभागी हुन देशविदेशका विशिष्ट राजनीतिक व्यक्तित्वलाई पनि आमन्त्रित गर्ने गरिन्थ्यो। विशिष्ट व्यक्तिहरूको आगमन हुँदा सर्वसाधारण श्रद्धालुलाई महोत्सव मनाउन समस्या हुने गरेको हुँदा यस वर्ष विशिष्ट अथितिलाई ननिमत्याएको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास बैष्णवले बताए।

### प्रदेशभर सार्वजनिक बिदा


सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा मधेस प्रदेश सरकारले आइतवार सार्वजनिक बिदा दिएको छ ।

बाँकी पृष्ठ २ मा


# ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा